देवदह नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

केरवानी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०८०/०८१
च.नं. ५६०९

मिति: २०८०/०६/१७

**विषय: आन्तरिक स्रोत परिचालन सम्बन्धमा ।**

श्री वडा कार्यालय (सबै),
देवदह नगरपालिका, रुपन्देही।

प्रस्तुत विषयमा यस नगरपालिकाद्वारा आर्थिक वर्ष २०८०/०८१ का लागि आन्तरिक आय १८,४१,६०,०७१।- (अठार करोड ४१ लाख साठी हजार ७१ रुपैया) प्रक्षेपण गरिएको, तहाँ वडा भित्रका केहि व्यवसायहरुले अझै व्यवसाय दर्ता गरेको नपाईएको, दर्ता भएका व्यवसाय पनि नविकरण नभएको, नियमानुसार उठाउनुपर्ने घरवहाल कर उठ्न बाँकी रहेको, त्यसैगरी सम्पत्ति कर पनि न्यून मात्रामा संकलन भएको तथ्यांकले देखाएको छ । साथै, प्रक्षेपित राजश्व संकलन हुन नसक्दा नगरपालिकाका योजनाहरु कार्यान्वयनका लागि स्रोतको अभाव हुने, नगरपालिकाको नियमन क्षमता कमजोर हुँदा स्थानीय तहको प्रतिष्ठा र गरिमामा समेत आँच आउने हुँदा देहायका बुँदाहरुमा आधारित रही राजश्व संकलनको स्पष्ट खाका र रणनीति सहितको अभियान संचालन गरी स्थानीय तहको नियमन क्षमता प्रभावकारी बनाउने कार्यमा सहयोग पुर्याउनु हुन हार्दिक अनुरोध गर्दछु।

१. करको दायरामा आउने सक्ने क्षेत्रको पहिचान गरी अभिलेख तयार पार्ने ।
२. वडा समिति, स्थानीय तहमा कार्यरत शिक्षक, स्वास्थ्यकर्मिहरु, टोल विकास संस्थाका जिम्मेवार एवं सहयोगी पदाधिकारी, नगरपालिकाबाट अनुदान प्राप्त गरेका, प्राप्त गर्न योग्य स्थानीय संघ संस्थाका पदाधिकारीहरु सहितको भेला बोलाई कर संकलन अभियान सम्बन्धी छलफल गरी कार्यान्वयन योग्य खाका तयार पारी वडागत कर संकलन अभियान सुरु गर्ने ।
३. कर सचेतना अभियानका लागि व्यवसायिक छाता संगठनहरुसँग अन्तर्क्रिया गर्ने ।
४. नागरिक सेवा लिन आउँदा निजले बुझाउनुपर्ने कर, सेवा शुल्क, दस्तुर बुझाए/नबुझाएको एकिन गरि नबुझाएको भए बुझाउन लगाउने।
५. वडा भित्रका सबै कार्यालयहरु, विद्यालय, क्याम्पस, लगायत संघसंस्थाहरुमा **"मैले स्थानीय कर तिरे यहाँले तिर्नु भयो ?** भन्ने सन्देश टांस्न लगाउने ।
६. माइकिङ, प्रचार-प्रसार, भेला लगायतका कम लागतका प्रवर्धनात्मक क्रियाकलापहरु संचालन गर्ने ।
७. वडा भित्रका उद्योग, कलकारखाना, ठुला व्यवसाय, सहकारीको रेकर्ड अद्यावधिक गर्ने र नियमानुसार राजश्व तिर्नको लागि अपिल गर्ने ।
८. कर संकलन अभियानलाई सहयोग पुर्याउन Task Force गठन गरि परिचालन गर्ने।
९. कर/शुल्क संकलन अभियान सम्वन्धी आवश्यक सहयोगका लागि नगरपालिकामा प्रस्ताव पेश गर्न सकिने।
१०. नगरपालिकाको सञ्चितकोषबाट तलव भत्ता बुझ्ने सबैले नियमानुसार आफूले तिर्नुपर्ने कर तिर्ने । कर क्लियर भएसँगै सुविधा रिलिज हुने जानकारी गराउने ।
११. कर तिर्नुपर्ने दायित्व भएका समूहको पहिचान गर्ने ।
१२. सम्वन्धित वडा समितिले समग्र कार्यको उच्च मनोबलका साथ नेतृत्व लिने।

..........................
कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कृष्ण प्रसाद सापकोटा**
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ:</u>

- श्री नगर प्रमुख/उपप्रमुखको सचिवालय आवश्यक समन्वयका लागि।
- श्री राजश्व शाखा देवदह नगरपालिका आवश्यक समन्वय गर्ने ।
- श्री सूचना प्रविधी शाखा, देवदह नगरपालिका:- वेब पेजमा अपलोड गर्ने।

# देवदह नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### व्यवसाय लगत संकलन

देवदह नगरपालिका नगर कार्यपालिकाको कार्यालय रुपन्देही लुम्बिनी प्रदेश, नेपाल २०७३

वडा नं.-

टोल विकास संस्था-

मिति-

| क्र.सं. | व्यवसायीको नाम थर | व्यवसायको किसिम | बहालमा लिएको/ आफ्नै घर | सम्पर्क नं. | यस अघि दर्ता - नविकरण भएको / नभएको | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

......................

लगत संकलनकर्ताको दस्तखत-

नाम थर-

..........................

दस्तखत

वडा अध्यक्ष

# देवदह नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### घर बहाल लगत संकलन

वडा नं.-

टोल विकास संस्था-

मिति-

| क्र.सं. | घर धनिको नाम थर | घरको किसिम | बहालमा दिएको जम्मा कोठा संख्या | जम्मा बहाल रकम (मासिक) | यस अघि बहाल कर तिरे/ नतिरेको | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

......................

लगत संकलनकर्ताको दस्तखत-

नाम थर-

.........................

दस्तखत

वडा अध्यक्ष